## १४ औँबार्षिक साधारण सभा समक्ष संस्थाको अध्यक्षको मन्तब्य २०८१/०८२

प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यू, सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति,शेयर धनि सदस्य ज्यू, बाबा सहकारीका कर्मचारी मित्रहरु, तथा सुभचिन्तक मित्रहरु,संस्थाको अध्यक्षको हैसियतले र मेरो व्यक्तिगत तर्फबाट सर्वप्रथम हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्न चाहान्छु ।

संस्थाले औपचारीक रुपमा कारोबार शुरु २०६८ पुष १ गतेदेखि समिक्षा वर्ष २०८२ अषाढ मसान्त सम्म आइपुग्दा शेयर पूँजी रु.१,३५,२५,१००।- निक्षेप संकलन रु.११,९२,६६,०३१।५९कर्जा लगानी रु.१४,६५,५६,१९३।६२ खुद नाफा ५५,३०,९६५।८० गरी जम्मा रु.१६,८१,१६,७५२।०९ को वासलात तयार गर्न सफल रहेको छ ।

नेपालमा सहकारी अभियानले हालसम्म झण्डै ६७ वर्ष पूरा गर्न लागेको छ । आर्थिक वर्ष २०८०/०८१ सम्म आइपुग्दा सहकारी क्षेत्रले नेपालको आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याइरहेको छ । हाल देशभर करिब ३५ हजारभन्दा बढी विभिन्न उद्देश्यका सहकारी संस्थाहरू दर्ता भइसकेका छन् । तीमध्ये बचत तथा ऋण, बहुउद्देश्य, कृषि, उपभोक्ता, उद्योग, जलविद्युत र अन्य प्रकारका सहकारी संस्थाहरू सक्रिय रूपमा सञ्चालनमा रहेका छन् । यी सहकारी संस्थाहरूमा अहिले झण्डै ८० लाखभन्दा बढी शेयर सदस्यहरू प्रत्यक्ष रूपमा आबद्ध रहेका छन् भने करिब १ लाखभन्दा बढी व्यक्तिहरू यस क्षेत्रमा प्रत्यक्ष रोजगारीमा संलग्न छन् । सहकारी संस्थाहरूको कुल निक्षेप करिब ५ खर्ब रुपैयाँभन्दा बढी र कुल कर्जा लगानी करिब ४ खर्ब ५० अर्ब रुपैयाँभन्दा बढी पुगेको देखिन्छ ।

नेपालको कुल ग्राहस्थ उत्पादन मा सहकारी क्षेत्रको योगदान करिब ४ प्रतिशत रहेको छ भने वित्तीय क्षेत्रभित्र यसको योगदान २० प्रतिशतभन्दा बढी मानिन्छ । सहकारी संस्थाहरूले विशेषगरी कृषि, पशुपालन, जलविद्युत, साना उद्योग, उपभोक्ता सेवा, बहुउद्देश्यीय व्यवसाय तथा बचत तथा ऋण व्यवस्थापनमा सक्रिय भूमिका खेल्दै ग्रामीणदेखि शहरी क्षेत्रसम्मका बेरोजगार युवायुवतीलाई रोजगारीका अवसर र आर्थिक आत्मनिर्भरता प्राप्त गर्न सहयोग पुऱ्याइरहेका छन् ।सहकारी अभियानले स्वावलम्बन, स्वउत्तरदायित्व, समानता, स्वतन्त्रता, स्वनियमन र लोकतान्त्रिक मान्यतालाई आफ्नो मूल आधार मानेको छ । यससँगै नैतिकता, पारदर्शिता, जवाफदेहिता, र भेदभावरहित सहभागितालाई अंगीकार गर्दै सामूहिक एकता र सहयोगको भावनालाई अझ प्रगाढ बनाउँदै आएको छ ।

अर्थात्, अहिलेको समयमा सहकारी क्षेत्र नेपालको आर्थिक सशक्तिकरण र सामाजिक रूपान्तरणको प्रमुख आधारका रूपमा स्थापित भइसकेको छ ॥

कोभिड १९ को महामारीका बिचमा पनि संस्थाले निरन्तर रुपमा शेयर सदस्यहरुलाई सेवाकेन्द्र र केन्द्रिय कार्यालयबाट विभिन्न वित्तिय सेवाहरु अपठेरो समयमा पनि सेवा दिने तुलसिपुरको एकमात्र सहकारी हो । वर्तमान अवस्था आर्थिक मन्दिको बिचमा यस संस्थाको तुलसीपुर उपमहानगरपालिका क्रमश:११ र १८ मा आंशिक रुपमा सेवाकेन्द्र संन्चालमा रहेको थियो र २०८१ पुष १ गते देखि घोराही-१५, दाङ सेवाकेन्द्र संन्चालन गरी पुष २७ गते सहकारी तथा वित्तिय साक्षरता तालिम सम्पन्न भएको छ । यस समिक्षा बर्षमा थप सेवाकेन्द्र लुम्बीनि प्रदेश कोहलपुर, लमही र रोल्पा सेवाकेन्द्र खोल्ने निर्णय भएको छ ।

नियमनकारी निकायले जारी गरेका नीति,नियम निर्देशन तथा सुझाव पालना गर्दै स्व(नियममा समेत रही शेयर सदस्य सञ्चालक समिति लेखा समितिबाट प्राप्त निर्देशन र सुझावहरुलाई सकारात्मक रुपमा लिई दक्ष कर्मचारीहरु तयार गरी गराई संस्थालाई पाँच वर्षभित्र सहकारी क्षेत्रमा लुम्बिनि प्रदेशको एक उतकृष्ट सहकारी संस्थाको रुपमा स्थापित गर्ने लक्ष्यका साथ ४ वर्षको कार्ययोजना तयार गरि कार्यान्वयन भैरहेको र आगामी वर्षहरुमा समेत कार्यान्वयन गर्दै लगिने छ ।

आदरनिय शेयर धनि सदस्य ज्यूहरु । गत वर्षको मुनाफाबाट सहकारी ऐन नियमावली र संस्थाको मुनाफाबाट सहकारी ऐन,नियमावली र संस्थाको कार्यविधि भित्र रहि शेयर सदस्यहरुलाई आकर्षक मुनाफा वितरण गर्न सक्षम रहेको र कम्तिमा १२% शेयर लाभांस वितरण गर्ने प्रस्ताब राखिनेछ । सो शेयर वृद्धिमा व्यवस्था हुने प्रस्ताव गर्दछु । बार्षिक रुपमा संस्थामा बचत तथा कर्जा कारोबार गर्ने शेयर सदस्यहरुलाई कारोबारको आधारमा विगत वर्षहरुदेखि नै संरक्षित पूँजि फिर्ता कोषमा छुट्टाइएको रकम जगेडा कोषमारुपान्तरण हुने प्रस्ताव गरेको छु ।शेयरसदस्यहरुले शेयर पुंजिको रकम फिर्ता लिन सक्ने क्रमलाई निरुत्साहित गरी शेयर पूँजिलाई स्थायित्व गर्नको लागि आवश्यकता पुरागर्न,यसबाट शेयरसदस्यहरुको संस्थाप्रतिको विश्वास,आस्थामा उच्च बृद्धि भै संस्थालाई सवल र सक्षम बनाउन मद्दत पुग्ने विश्वास लिएका छौं ।

समिक्षा वर्ष असहज र प्रतिकूल रहँदा रहँदै पनि निक्षेप संकलनमा उल्लेख्य प्रगति गर्न सक्षम रहेको छ भने लगानीमा आशातित प्रगति हुन नसकेको, आवश्यकता अनुसार तरलता व्यवस्था गरी शेयर सदस्यहरुलाई शेयरको १२%शेयर लाभांश प्रतिफल दिन प्रस्ताव राख्दछु । चालु आर्थिक वर्षमा निक्षेप र कर्जामा पर्न सक्ने जोखिमंहरुलाई मध्यनजर राखी स-सानो व्यक्तिगत निक्षेप र कर्जालाई प्राथमिकतामा राखिएको छ ।

दैनिक कारोबारलई सहज एव्म सुरक्षित गर्ने उद्द्येश्यले विगतदेखि नै केन्द्रिकृत कारोबार र प्रत्येक कार्यलयमा CCTV को व्यवस्था गरिएको छ । संस्थाले विभिन्न आधुनिक प्रविधिहरु **cheque, Mobile-banking, SMS, khalti Pay Wallet, facebook page, webside** जस्ता सेवाहरु प्रदान गरिरहेको छ । ऐन नियमको परिधि भित्र रहि आगामी दिनमा क्रमश नगद कारोबारलाई डिजिटलाइजेशन गर्दैं जाने लक्ष्य लिएका छौ र कार्यलयलाई पूर्णतया पेपर लेश बनाउने लक्ष्य लिएका छौ ।

सम्पति शुद्धिकरण निवारणसम्बन्धि सहकारी संघसंस्थाहरुलाई जारी भएको निर्देशन २०७४ अनुसार सम्पति शुद्धिकरण तथा आंतकवादी कार्यमा वित्तिय लगानी निवारण सम्बन्धी नीति तथा निर्नय गरेको र कोपोमिसमा संस्थामा प्रवेश गरेको जानकारी गराउदछौ ।

संस्थाले विगत वर्षदेखि कार्यान्वयनमा ल्याइरहेका विनियमावली र विनियम एवम् कार्यविधिहरु गत वर्षको साधारण सभाबाट संसोधन एवम् परिमार्जन भैसकेका छन् समय सापेक्ष संस्थाले हाल कार्यान्वयनमा ल्याएका १९ ओटा कार्यविधि पुर्नतया: प्रयोगमा ल्याउने प्रतिबद्धता पेश गर्दछौ । केर कार्यक्रम अर्न्तगत सन्चालक समिती, उपसमिती, उच्च व्यवस्थापन विभागीय प्रमुखहरु सेवाकेन्द्र प्रमुखहरुको सहभागितामा मिति २०८०/०८/२९/३० रणनैतिक योजना कार्यशालाबाट पाँच बर्षे रणनैतिक योजना तयार पारेको छ । चालु आर्थिक वर्षमा संस्थाले थप निक्षेप रु.६,०८,२३,९१०.८२ थप कर्जा लगानी रु. ४,८१,१६,८१७ र शेयर थप रु. ४८,९८,७३३ गर्ने लक्ष्य लिएको छ । संस्थाले जम्मा कुल सम्पति यस आर्थिक बर्षमा २४,८३,३२,२३६ लक्ष्य छ ।

अन्तमा नियामक निकाय, शेयर सदस्यहरु,शुभेच्छुक, सञ्चालक समिति,लेखा समिति,उप-समितिका पदाधिकारीहरु र समयमै लेखा परिक्षण सम्पन्न गरिदिने समिति,उप-समितिका पदाधिकारीहरु र समयमै लेखा परिक्षण सम्पन्न गरिदिने के.पी.बासकोटा एण्ड एसोसियट्स लाई संस्थाको प्रगतिमा सदा सर्ममित उच्च व्यवस्थापन एवम् संस्थामा कार्यरत सम्पूर्ण निष्ठावान् कर्मचारीहरु प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।यस सस्थाको संन्चालक समितिको ४ वर्षे कार्यकालको दौरानमा यस सस्थाका सन्चालक समिति, लेखा सुपरिवेक्षण समिति ऋण उपसमिति कर्मचारीहरु र शेयर सदस्यहरु जसको सहयोगले हामी यहाँ आइपुगेको छौ, सबै धन्यवादको पात्र हुनुहुन्छ । सबैलाइ धन्यवाद ज्ञापन गर्न चाहान्छु ।साथै १४ औ बार्षिक साधारण सभाको सफताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद जय सहकारी !!

लिलाधर खड्का
अध्यक्ष